स्थानीय सरकार

# मालिकार्जुन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प.सं. २०७९/०८०
च.नं.

शंकरपुर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

शंकरपुर क्याम्पस निर्माणका लागि २ रोपनी जग्गा दानमा लिने सम्बन्धी सार्वजनिक सूचना ।

(प्रथम पटक प्रकाशित मिति २०७९/०९/२१)

प्रस्तुत सन्दर्भमा यस मालिकार्जुन गाउँपालिका वडा नं. ८ मा रहेको शंकरपुर क्याम्पसको भवन निर्माणका लागि २ रोपनी जग्गा आवश्यक परेकाले तपसिलको विशेषता सहितको जग्गा भएका जग्गाधनीले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र नियमानुसार आवश्यक कागजातहरु सहित तपसिलका शर्तहरुको अधीनमा रहने गरी यस कार्यालयमा निवेदन पेस गर्न हुन अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत

**शर्तहरु:**

१. जग्गा मालिकार्जुन गाउँपालिका वडा नं. ८ क्षेत्र भित्र हुनुपर्नेछ । साथै सडकको सहज पहुँच भएको जग्गालाई प्राथमिकता दिइनेछ । भवन निर्माणका लागि उपयुक्त जग्गा हुनुपर्नेछ ।
२. गत आर्थिक वर्षसम्मको मालपोत कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि सहित निवेदन पेस गर्नुपर्नेछ ।
३. दानपत्र सम्बन्धी अन्य शर्तहरु प्रचलित कानून बमोजिम हुनेछन ।
४. जग्गा दानमा दिन चाहेको कित्ता नं. स्पष्ट खुलाएको हुनुपर्नेछ ।
५. जग्गाधनी स्वयंले प्रमाणित गरेको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि थान १ ।
६. संयुक्त रुपमा दान गर्दा सबै जग्गाधनीहरुको संयुक्त निवेदन साथ माथि उल्लेखित सम्पूर्ण कागजातहरु संलग्न गरी पेस गर्नुपर्नेछ ।
७. यो सूचनामा उल्लेखित भए बाहेकका विषयहरुमा प्रचलित ऐन कानून र यस मालिकार्जुन गाउँपालिका गाउँ कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

**पुनश्च:** थप जानकारीका लागि यस मालिकार्जुन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।



Website: www.malikarjunmun.gov.np
E-mail: mrmdarchula@gmail.com
Contact: 9858784512, 9858784513
info@malikarjunmun.gov.np